# पंचायत व्यवस्थाका आधारभूत सिद्धान्त

गाउँफर्क राष्ट्रिय अभियान
केन्द्रीय कार्यालय,
पुल्चोक, ललितपुर
२०३१

प्रकाशकः–
गाउँफर्क राष्ट्रिय अभियान,
केन्द्रीय कार्यालय,
पुल्चोक, ललितपुर

दोस्रो संस्करण १५,०००
भाद्र २०३१

मुद्रकः–आदर्श छापाखाना, रामशाह पथ, (थापाथली) फो.नं.–१३४१४

321.6
HMG
2031

# परिचय

कुनै पनि व्यवस्थाको आधारभूत सिद्धान्त प्रतिपादित हुँदा त्यस व्यवस्थाका आधार, माध्यम र उद्देश्यको अन्तर सम्बन्ध देखाउन आवश्यक हुन्छ । पञ्चायत व्यवस्थाको मूल सिद्धान्तमा श्री ५ को सक्रिय एवम् गतिशील नेतृत्व अपरिहार्य आधार रहेको छ । निर्दलीयता, वर्ग-समन्वय तथा विकेन्द्रीकरण व्यवस्थाको उद्देश्य प्राप्तिका लागि मौलिक माध्यमहरू रहेका छन् र अन्तिम उद्देश्य शोषणरहित समाजको सृजना गर्नु राखिएकोछ ।

पठन, पाठन, चिन्तन र प्रज्ञात्मक (Academic) स्पष्टता तथा कार्यक्षेत्रमा व्यवहारवादी बनाउने दृष्टिबाट समेत सिद्धान्तका प्रत्येक सूत्रको परिभाषा, व्याख्या र पुष्टयाइँ क्रमशः मिलाई राखिएमा व्यवस्थाका आधारभूत कुराहरूबारे पञ्च–कार्यकर्ताहरूको सोचाइ, बोलाइ र काम गराइमा एकरूपता आउन सजिलो पर्ने हुँदा विषयलाई प्रस्तुत गरिएकोछ ।

# पंचायत व्यवस्थाका आधारभूत सिद्धान्त

पञ्चायत व्यवस्था एउटा यस्तो राजनैतिक व्यवस्था हो जसले श्री ५ को गतिशील नेतृत्वमा लोकसम्मति, राष्ट्रिय प्रतिभा र परम्परा अनुकूल निर्दलीयता, वर्गसमन्वय र विकेन्द्रीकरणको आधारभूत माध्यम-द्वारा नेपाली जनताको सर्वोत्तम समुन्नति तथा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गर्ने उद्देश्य राख्दछ ।

उपर्युक्त तथ्यको आधारमा पञ्चायती व्यवस्थाका निम्नलिखित आधारभूत कुराहरू प्रष्ट हुन्छन् :

(१) आधार– श्री ५ को गतिशील एवं सक्रिय नेतृत्व

(२) उद्देश्य–प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना

(३) आधारभूत माध्यमहरू–

(क) निर्दलीयता

(ख) वर्गसमन्वय

(ग) विकेन्द्रीकरण

**आधार:– श्री ५ को गतिशील एवं सक्रिय नेतृत्व**

नेपाल अधिराज्यको भूराजनैतिक अवस्था, धार्मिक मान्यता, सांस्कृतिक एवं सामाजिक परम्परा र ढांचा, ऐतिहासिक पृष्ठभूमि र जनप्रियताको आधारमा सर्वभौमिकता श्री ५ मा निहित रहेको छ । भौगोलिक अखण्डता, राष्ट्रिय सार्वभौमिकता र नेपाली समाजको

सर्वाङ्गीण विकास र पुनर्निर्माण सम्बन्धमा राजा र प्रजाका आकांक्षा बीच परम्परागत एकरूपता भएकोले नेपाली जनतालाई देश, काल, परिस्थिति अनुसारको सामाजिक र आर्थिक क्षेत्रमा परिवर्तन र विकासको निमित्त श्री ५ महाराजाधिराजबाट सक्रिय नेतृत्व बक्सिन्छ । त्यही आधारमा श्री ५ बाट समय समयमा क्रान्तिकारी कदमहरू चालिबक्सिन्छ जसमा जन-आकांक्षा प्रतिबिम्बित हुन्छन् । उपर्युक्त तथ्यलाई पञ्चायती प्रजातान्त्रिक व्यवस्थाले आधारको रूपमा स्वीकार गरेकोछ ।

निम्नलिखित तथ्यहरूले उपर्युक्त कुराको पुष्टयाइँ गर्दछन्:—

क) नेपाल अधिराज्यको एकीकरण, प्रजातान्त्रीकरण र आधुनिकीकरण श्री ५ कै नेतृत्वबाट भइरहेको र सम्पूर्ण नेपाली जनताकै सामूहिक अभिव्यक्ति तथा अखण्ड राष्ट्रियताको एक मात्र प्रतीक राजमुकुट नै भएकोले सार्वभौमिकता श्री ५ मा निहित छ । तसर्थ, श्री ५ महाराजाधिराज सम्पूर्ण शक्तिको स्रोत होइबक्सिन्छ ।

ख) नेपाललाई अन्तरराष्ट्रिय सम्मान र व्यक्तित्व प्रदान गर्न श्री ५ महाराजाधिराज नै सबल र सक्षम होइबक्सिन्छ ।

ग) राजमुकुटको नेतृत्व पञ्चायती प्रजातन्त्रको लागि अनिवार्य आवश्यकता हो । राष्ट्रिय संस्कृति र सरकारको संस्थागत केन्द्रविन्दुको रूपमा राजतन्त्रलाई नेपाली जनताको निरन्तर समर्थन, सहयोग र आस्था प्राप्त भइरहेको कुरा ऐतिहासिक तथ्य हो ।

उद्देश्य:– प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना

जन–आकांक्षा अनुरूप व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यावसायिक हितमा क्रमिक तथा योजनाबद्ध रूपमा सामन्जस्य ल्याई प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गर्नु पञ्चायती प्रजातान्त्रिक व्यवस्थाको मूल उद्देश्य रहेको छ ।

क) न्याय निसाफमा आधारित नेपाली परम्परा र संस्कृतिको

सकारात्मक मान्यताहरूलाई प्रतिनिधित्व गर्न गतिशील र अग्रगामी समाजको सृजना गर्ने प्रक्रिया पञ्चायती व्यवस्थामा रहेको छ ।

ख) निर्णय लिने प्रक्रियामा सम्पूर्ण जनतालाई सरीक एवं सक्षम गराई सामाजिक, राजनैतिक तथा आर्थिक अधिकारको प्रयोगमा अन्याय र शोषण हटाउनको निमित्त जन–आकाँक्षा अनुरूप क्रमिक रूपमा प्रगतितिर लम्कने गतिशील समाजको सृजना गर्ने उद्देश्यले प्रेरित नीति र कार्यक्रमहरूको तर्जुमा भइरहेको छ ।

## आधारभूत माध्यमहरू

# निर्दलीयता

राजनैतिक दलको माध्यमविना लोकसम्मतिको आधारमा शासन व्यवस्थामा विभिन्न अवयवको माध्यमद्वारा सम्पूर्ण जनताको सहभाग प्राप्त गर्ने प्रजातान्त्रिक प्रक्रिया निर्दलीयता हो ।

पञ्चायती व्यवस्थामा श्री ५ महाराजाधिराजको नेतृत्व निर्विवाद भएकोले व्यवस्थाको पुनीत उद्देश्य अनुरूप शोषणरहित समाजको सृजना गर्न सबै नेपालीलाई एक सूत्रमा आबद्ध गराउनमा निर्दलीयता प्रमुख माध्यम रहेको छ ।

उपर्युक्त तथ्यलाई निम्न लिखित कुराहरूले पुष्ट्याइँ गर्दछन्:–

क) निर्दलीय पञ्चायती व्यवस्थामा लोकसम्मतिमा कुनै कृत्रिम व्यवधान नहुने हुंदा नैसर्गिक जन–आकांक्षा मात्र प्रतिबिम्बित हुन्छ ।

ख) हाम्रो सामाजिक मर्यादा, परम्परा र ऐतिहासिक पृष्ठभूमिको आधारमा नेपालमा दलगत व्यवस्थाभन्दा दलविहीन पञ्चायती प्रजातन्त्रले नै नेपाली चरित्रको सच्चा प्रतिनिधित्व गर्दछ ।

# वर्गसमन्वय

आर्थिक, सामाजिक र व्यावसायिक स्वार्थहरूमा आधारित समान प्रकारको हित र समान दृष्टिकोण राख्ने व्यक्तिहरूको समूह वर्ग हो । त्यस्ता संगठित वर्गहरूको सामूहिक हित र स्वार्थलाई राष्ट्रिय राजनीतिक दृष्टिकोणको सन्दर्भमा संतुलन गर्ने तथा एकलाई अर्काको पूरकको रूपमा राख्ने परिपाटी वर्गसमन्वय हो ।

क) नेपाली समाजको प्रत्येक जाति र वर्गलाई समान रूपमा राजमुकूटबाट समान रूपमा आस्था, माया, ममता र न्यायिक संरक्षण प्राप्त भएको र राजमुकूटप्रति उनीहरूको श्रद्धा र अनुराग भएकोले श्री ५ महाराजाधिराजको नेतृत्वमा कुनै एक वर्गले अर्को वर्गमाथि थिचो मिचो गर्न नपाउने गरी सुनियोजित र सन्तुलित कार्यक्रमहरूद्वारा वर्गहरूको बीचमा सामन्जस्य कायम गर्दै लैजाने परिपाटी स्थापित गरिएको छ । वर्ग संघर्ष–विना नै नेपालमा आर्थिक, सामाजिक परिवर्तन हुने स्वभाव विकसित हुँदै आएकोले वर्गसमन्वयकै प्रक्रियाबाट शोषण-रहित अवस्थामा पुग्ने परिकल्पना पञ्चायती व्यवस्थाको एक प्रमुख विशेषता हो ।

ख) पूर्ण सामाजिक न्यायको दृष्टिबाट सामान्य जनतालाई सामूहिक निर्णय लिने क्रममा सरीक गराई उनीहरूको राजनैतिक क्षमता र नैतिक चरित्रको विकास गराई वर्गहरूमा समन्वय ल्याउने नीति र कार्यक्रम रहेका छन् ।

ग) साझा अर्थ व्यवस्थाको विकास गर्दै सन्तुलित आर्थिक लगानी र विकासका उपलब्धिहरूको न्यायिक वितरण गर्ने नीति रहेको छ ।

# विकेन्द्रीकरण

केन्द्रीय तहमा निहित रहेको अधिकारलाई क्षेत्रीय तथा स्थानीय स्तरमा संगठित स्वशासित संस्था र प्रशासनका एकाईहरूलाई राज्यको कानूनी व्यवस्थाको अधीन रही परिस्थिति अनुसार उपर्युक्त नीति निर्धारण तथा कार्यान्वयन गर्न पाउने गरी प्रदान गरिएको अधिकार विकेन्द्रीकरण हो ।

क) लोक–सम्मति अनुकूल प्रजातान्त्रिक शासन व्यवस्थाको उद्देश्य पूर्तिको लागि विकेन्द्रीकरणले नीति निर्माण र कार्यान्वयनमा सामूहिक सहभागलाई प्रोत्साहन गर्दछ ।

ख) देशको भौगोलिक स्थिति, आर्थिक आवश्यकता र राजनैतिक अनुभव अनुरूप सामान्य जनतालाई क्रमिक रूपमा जागरूक र चेतनशील बनाई विभिन्न स्तरमा स्थानीय नेतृत्वको विकास गरी जनप्रतिनिधिहरूलाई जनताप्रतिको जवाफदेही सम्यक् रूपले पालन गर्न समर्थ तुल्याउनु विकेन्द्रीकरणको लक्ष्य रहेको छ ।

ग) जन–आकांक्षा, जनसहभाग र जनहितका उच्चतम आदर्शहरू द्वारा प्रेरित पञ्चायती प्रजातन्त्रमा जनतालाई आफ्ना समस्या आफैं समाधान गर्न सक्षम तुल्याई उनीहरू आफ्नो भाग्यका आफैं निर्माता होऊन् भन्ने आदर्शलाई विकेन्द्रीकरणको नीतिले अंगीकार गरेको छ ।